## परिचय :

| | |
|---|---|
| नेपाली नाम | : हात्ती, एसियन हात्ती, गज |
| अंग्रेजी नाम | : Asian Elephant |
| वैज्ञानिक नाम | : *Elephus maximus* |
| शारीरिक बनोट | : फुस्रो खैरो रंगको छाला र पातलो रौं हुने, ठूला कान अगाडि पट्टि सुँड भएको । |
| औषत तौल | : ५००० किलोग्राम |
| लम्वाई | : ६ - ८ मिटरसम्म (सुँड पुच्छर समेत) |
| उचाई | : ३ मिटर |
| आयू | : ६०-८० वर्ष (गर्भावस्था २२-२४ महिना) |
| वच्चा | : एक पटकमा १ छावा |
| वासस्थान | : तराई र चुरेक्षेत्रको वन र घाँसे मैदान । |
| आहारा | : रुख,पात, वोक्रा, अन्नवाली, अग्लो घाँस, आदि |
| विचरण क्षेत्र | : २०० वर्ग कि.मी भन्दा बढी |

हात्ती जमिनमा पाइने सबैभन्दा ठूलो शाकाहारी जीव हो। हात्तीको सुँड संवेदनशिल र बलियो विशेष अङ्ग हो, जुन श्वास फेर्न, टाढाको गन्ध सुँघ्न, पानी पिउन, खानेकुरा समातेर मुखमा हाल्न आदि कामका लागि प्रयोग हुन्छ। नेपालको तराई र चुरे क्षेत्रमा पूर्व मेचिदेखि पश्चिम महाकालीसम्म करिब २०० वटा हात्तीहरु रहेको पाइन्छ। भाले हात्तीमा लामा लामा दुई वटा दाह्रा हुन्छन् भने पोथीको दाह्रा सानो र छोटो हुन्छ। कुनै भाले हात्तीको दाह्रा नहुन पनि सक्छ जसलाई मकुना भनिन्छ।

हात्तीको देख्ने शक्ति अलि कम हुन्छ तर सुँघ्ने र सुन्ने शक्ति अत्यन्तै राम्रो हुन्छ। उनीहरु एकआपसको सञ्चार र समूह सुरक्षाको लागि आवाजको ठूलो सानोपना प्रयोग गर्ने र सुँड जमिनमा बजार्ने गर्दछन्।

हात्ती स्वभावैले मानिस देखि टाढा समूहमा वस्न रुचाउने जीव हो। कतिपय अवस्थामा भाले हात्ती (मत्ता) एक्लै पनि हिड्ने गरेको भेटिन्छ। हामीले कतिपय ठाउँमा हात्तीले मान्छे मार्ने गरेको वेला वेलामा सुन्ने भोग्ने गरेका छौ। प्रायः मान्छेकै लापर्वाही र हात्ती प्रतिको आक्रामक तथा गैरजिम्मेवारी व्यवहारले गर्दा नै हात्तीको आक्रमणबाट मान्छेको मृत्यू वा अङ्गभङ्ग हुने गरेको पाइन्छ।

## हात्तीले कस्तो वेला आक्रामण गर्छ ?

- मात लागेको अवस्थामा। यस्तो वेला भाले हात्तीहरुको शरिरमा टेस्टोस्टेरोन् नामक हर्मोन अतिरिक्त मात्रामा उत्पादन हुन्छ, जसले गर्दा वढि उत्तेजित हुने र एक अर्कासंग जुध्ने गर्दछन्। यतिवेला यिनीहरुको कन्चटबाट तरल पदार्थ बग्छ। यस्ता भाले हात्तीहरु सामान्य भन्दा बढी आक्रामक हुन्छन्।
- जम्काभेट भएमा वा अचानक हात्तीको नजिक पुगेमा।
- हात्ती चरिरहेको वेलामा जिस्क्याएमा वा हल्ला गरेमा।
- सानो वच्चा साथमा हुँदा, वच्चा हराएमा वा मरेको अवस्थामा।
- खेतीवाली खान आउदा अगुल्टो वा कुनै वस्तुले चोट लाग्ने गरी हानेर धपाउँदा रिसाएर आक्रमण गर्न सक्छ।
- ईख राखेको अवस्थामा। यिनीहरुको स्मरण शक्ति तिब्र हुने हुनाले जिस्क्याउने, लखेट्ने मान्छेको आवाज सम्झिरहने र पछिसम्म पनि आक्रामण गर्न सक्छन्।

## हात्तीले आक्रमण गर्ने तरीका :

हात्ती कुनै कारण रिसाएमा यसले सबैभन्दा पहिले सुँड भूईंमा बजारेर माटोको धुलो छर्छ। कान ठाडो पार्दै (अघिल्तिर ल्याउदै) जोडले कराएर आक्रमण गर्छ। सुँडले हानेर मान्छेलाई लडाउँछ, अनि खुट्टाले थिच्छ र सुँडले समातेर च्यात्छ। भालेले दाह्राले पनि हान्छ र भूईंमा पछारिसकेपछि दाह्राले घोंच्छ। रिसाएको हात्तीले मानिसलाई भूईंमा पछारि सकेपछि सुँडले समातेर पर फ्याँकिदिन्छ वा रुखमा लगेर पछार्छ। आक्रमण गर्ने वेलामा रुख अगाडी रहेछ भने रुखले वा हाँगाले समेत हान्छ। ढुङ्गा वा जे अगाडी भेट्यो त्यही उठाएर पनि हान्ने गर्दछ। आक्रमण गरिरहेको अवस्थामा मानिस भाग्न खोज्यो भने छेकेर पनि आक्रमण गर्छ। सामान्यतया पोथी भन्दा भाले हात्तीहरु वढि आक्रामक हुन्छन् तर असुरक्षित महसुस गरेको वेला सवै जङ्गली हात्तीहरु आक्रामक हुन्छन्।

## हात्तीको आक्रमणबाट वच्ने उपायहरु:

### क) आक्रमण गर्नु अघि :

- हात्तीलाई चोट पुग्ने गरी आक्रमण गऱ्यो भने मान्छे प्रति झन् आक्रामक हुन्छ।
- जङ्गलमा जाँदा हात्तीले ताजा संकेत (पाइला, दिसा, रुख ढलाएको, चरेको) याद गर्ने, भेटियो भने सतर्क हुने र हात्ती गएको दिशातर्फ नजाने। साथै सुँड वजारेको वा हात्तीले घुरेका सुन्न सकिन्छ। यस्तो आवाज सुनियो भने आफू सतर्क हुने।
- जङ्गल जाँदा जाँड रक्सी नखाने। यसको गन्धले गर्दा हात्तीले मान्छेलाई पछ्याई पछ्याई आक्रमण गर्ने सम्भावना वढि हुन्छ।

### ख) हात्ती धपाउनु परेमा ध्यान दिनु पर्ने कुराहरु:

कतिपय वेला हात्तीले वालीनाली वा घरगोठ क्षती गर्न लाग्दा धपाउने क्रममा पनि हात्तीले आक्रमण गर्ने गरेको पाइन्छ। यस्तो वेला हात्ती धपाउनु भन्दा सकभर चुपचाप बस्ने, हो-हल्ला नगर्ने र हात्तीलाई आफ्नै बाटो जान दिने गर्नु पर्दछ। तर हात्ती धपाउनै परेमा निम्न सजगता अपनाउनु जरुरी हुन्छ।

- हात्ती आएको थाहा पाउना साथ सकेसम्म छिटो सुरक्षित स्थानमा वस्ने। अन्न खेती वा घर भन्दा पहिले ज्यान जोगाउने। आफू तथा परिवारका सदस्यहरु सवै सुरक्षित भएपछि मात्र हात्ती धपाउने।
- हात्ती कहाँ छ जानकारी राख्ने, एक्लै नहिड्ने र धेरै नजिक नजाने। हात्ती धपाउँदा समूहमा जाने, ठूलो टर्च वा आगोको मशाल आदि लिने।
- जाँड रक्सी सेवन गरी रातिमा नहिँड्ने।
- सुत्ने ठाउँ नजिक खाने कुरा र जाँड रक्सी नराख्ने।
- हात्तीलाई धपाउँदा चारैतिरबाट घेरा नहाल्ने, सधै हात्तीलाई भाग्ने बाटो छोड्ने। भाग्ने बाटो नपाएमा हात्तीले आत्तिएर मान्छेलाई आक्रमण गर्नसक्छ।
- घर बाहिर बिजुली वत्ती बालेर उज्यालो राख्ने। घर नजिक झाडी नराख्ने।

- हात्तीलाई आकर्षित गर्ने खेतीवाली (धान, मकै, उखु, आदि) को सट्टामा मन नपर्ने वाली (आलु, तेलहन, मेन्था, जुट, कागती, सुर्ती, पिडालु, आदि लगाउने ।

**ग) आक्रमण गर्न लागेको अवस्थामा :**

- अचानक हात्तीसंग जम्काभेट भएमा आफूसित भएको सामान (टोपी, लुगा, झोला, चप्पल, रुमाल आदि) फ्याँक्ने र नआत्तिकन विस्तारै पछाडि हट्ने । कथम्कदाचित हात्तीले दौडेर लखेट्न लागे बाङ्गोटिङ्गो गरी दौडिने । हात्तीले छोटो दुरीसम्म मात्र लखेट्दछ र लखेट्दै पछि पछि आइरहदैन ।
- हात्तीले लखेट्दा ढुङ्गयान बगर तिर भाग्ने । अति छड्के परेर ओरालोतिर भाग्ने ।
- दलदल वा हिलोतिर भाग्ने । हात्ती गह्रौं शरिरको हुने हुदाँ दलदल क्षेत्रमा हिड्न डराउँछ ।
- ठूलो रुख ढलेको भए त्यसको मुनीबाट भाग्ने ।
- हात्तीले लखेट्दा पुल पुलेसा तरेर भाग्ने । यस्ता पुल पुलेसा हात्तीले हतपत तर्दैन र भाग्ने मौका पाइन्छ ।
- हात्ती सुँघ्ने शक्ति तिव्र हुने हुदाँ हावा बगिरहेको दिशामा भाग्ने ।
- घरेलु हात्ती चडी जङ्गल गएको वेलामा जङ्गली भाले हात्तीसंग जम्काभेट हुदाँ आक्रमण गर्न सक्ने भएकाले आँफू चढेको हात्तीलाई छिटो छिटो सुरक्षित स्थान तर्फ लैजाने
- आगो वा राँको वालेर पनि हात्तीलाई तर्साउन सकिन्छ तर आगोले हात्तीलाई हिर्काउन हुदैन ।
- हात्तीबाट बच्न साना रुख चढेमा सुरक्षित नहुन सक्छ ।

**घ) आक्रमण गरिसकेपछि :**

- मरेजस्तो गरी चुपाचप बस्ने । यसो गरेमा हात्तीले आक्रमण गर्दैन भन्ने विश्वास छ ।
- मान्छेलाई आक्रमण गरेको थाहा पाउने वित्तिकै यो खवर नजिकको गाउँघर, सम्वन्धित वन कार्यालय, निकुन्ज कार्यालयहरुमा तुरुन्त खवर गर्ने र घाइतेलाई उपचारको लागि सहयोग गर्ने ।





प्रकृतिको नासो : भावी सन्ततीलाई हस्तान्तरण गरौं ।

### वन्यजन्तुबाट हुने क्षतीको राहत सहयोग निर्देशिका, २०६९ (तेस्रो संशोधन, २०७५) को प्रावधानहरु :

वन्यजन्तुहरु जस्तै : हात्ती, गैंडा, बाघ, भालु, चितुवा, हिउँ चितुवा, ध्वाँसे चितुवा, ब्वाँसो, जंगली कुकुर, जंगली बँदेल, अर्ना, मगर गोही, अजिङ्गर र गौरीगाईबाट देहायको क्षती भएको अवस्थामा निम्न बमोजिम राहत सहयोगको व्यवस्था रहेको छ । सोको लागि पिडित वा हकवालाले ३५ दिन भित्र सम्बन्धित निकायमा निवेदन दिनु पर्दछ ।

**मानवीय क्षती :**

- सामान्य घाइतेलाई बढीमा रु.२०,०००।- सम्म औषधी उपचार खर्च दिने ।
- सख्त घाइतेलाई रु. २,००,०००।- र सो भन्दा बढी खर्च लाग्ने भएमा सरकारी अस्पतालमा उपचार गराई सोही अस्पतालको सिफारिसमा सम्पूर्ण उपचार खर्च नेपाल सरकारले व्यहोर्ने ।
- मानिसको मृत्यू भएमा मृतकको आश्रित परिवारलाई रु. १०,००,०००।- राहत रकम दिने ।

**पशुधनको क्षती (विमा रकम कटाएर):**

- बयस्क भैंसी, गोरु, उन्नत गाई, साँडेको मृत्यू भएमा बढीमा रु. ३०,०००।- सम्म राहत दिने ।
- अन्य पशुवस्तुको मृत्यू भएमा प्रेषित कागजात र सिफारिसका आधारमा भएमा बढीमा रु. १०,०००।- सम्म राहत दिने ।

**घर, गोठ, खाद्यन्न बाली क्षती :**

- प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रु. १०,०००।- सम्म राहत दिने ।

सामाग्री साभार : **राष्ट्रिय प्रकृति संरक्षण कोष, जैविक विविधता संरक्षण केन्द्र, चितवन**

वन र सिमसार : वन्यजन्तु सन्तुलनका लागि आधार ।

# जङ्गली हात्तीबाट हुन सक्ने खतरा र जोगिने उपायहरू



Photo : B. Lamichhane, NTNC, Chitwan

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय, नवलपुर**
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

आ.व. २०७५।०७६

Email:dfonawalpur@gmail.com / ☎ ०७८-५४०१३५